निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति : २०७७/१०/१६

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

काठमाडौं, माघ १६ गते ।

निर्वाचन आयोगको मिति २०७७/१०/१४ को निर्णयानुसार आज मिति २०७७ साल माघ १६ गते शुक्रबार ११.३० बजे आयोगमा निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने सम्बन्धी सूचना प्रकाशन र आयोगले निर्वाचन तयारीका सम्बन्धमा हालसम्म गरेको कामको बिषयमा छलफलका गर्न नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) का अध्यक्ष के.पी.शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई अध्यक्ष वा अध्यक्षले तोकेको आधिकारीक प्रतिनिधि र निर्वाचन तथा कानून बिषय हेर्ने प्रतिनिधि समेत ५/५ जनाको उपस्थितिको लागि लेखी पठाएको सन्दर्भमा आज तोकिएको समयमा उपस्थित हुन सम्भव हुन नसकेको व्यहोराको जानकारी पत्र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड"का तर्फबाट आयोगमा प्राप्त भएको छ ।

उक्त पत्रमा "पार्टी अध्यक्ष माधव कुमार नेपाल र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" दुवै अध्यक्ष माघ १८ गतेसम्म उपत्यका बाहिरका राजनीतिक कार्यक्रममा व्यस्त रहनु भई प्रतिनिधि मनोनय गर्ने अवस्था नभएको र उक्त छलफलमा अध्यक्ष स्वयं उपस्थित भई छलफल गर्न चाहनु भएको हुँदा सोको लागि आज तोकिएको समयमा उपस्थित हुन सम्भव हुन नसकेको र माघ १८ गते पश्चात उपयुक्त मिति र समयमा छलफलको आयोजना गर्नहुन अध्यक्षज्यूको निर्देशन बमोजिम अनुरोध गरिन्छ" भन्ने व्यहोराको पत्र प्राप्त भएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)का अध्यक्ष के.पी. शर्मा ओलीका तर्फबाट आयोगमा उपस्थित भइ आज आयोगमा उपस्थित भई प्रतिनिधित्व गर्नुहुने संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ तथा नेपाल सरकारका मन्त्रीज्यूहरु सहितका प्रतिनिधिहरुसँग आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, आयुक्त नरेन्द्र दाहाल र आयुक्त इश्वरीप्रसाद पौड्यालको उपस्थितिमा निर्वाचनको तयारीका बारेमा अनौपचारिक छलफल भएको थियो । छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाबाट आयोगले निर्वाचन तयारीका सम्बन्धमा हालसम्म गरेका प्रगतिका बारेमा जानकारी गराउनु भयो । उक्त छलफलमा निर्वाचन आयुक्त इश्वरीप्रसाद पौड्यालबाट बैठकको उद्देश्य र राजनीतिक दलसँगको अपेक्षा बारे स्पष्ट पार्दै तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न कुनै पनि कमी


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७

प.सं. च.नं./Ref:

कमजोरी नहुने किसिमबाट आयोगले तयारी गरिरहेको र निर्वाचन सम्पन्न गर्न राजनीतिक दलबाट पूर्ण रुपमा सहयोग हुने अपेक्षा आयोगले गरेको कुरा बताउनु भयो । निर्वाचन सम्पन्न गर्नका लागि राजनीतिक दलहरुबाट उपयुक्त राजनीतिक वातावरण सिर्जना हुनुपर्ने र सोको जिम्मेवारी राजनीतिक दलको नै भएको प्रष्ट पार्नुहुँदै उपयुक्त समयमा आयोगले पुन: बैठकको आयोजना गर्ने कुरा आयुक्त पौड्यालले व्यक्त गर्नुभयो ।

बैठकमा प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोगलाई सबै किसिमको सहयोग रहने र आयोगले बोलाएका बखत उपस्थित हुने प्रतिवद्धता समेत प्रतिनिधिहरुबाट व्यक्त भएको छ ।

२०७८।१०।१६

(राजकुमार श्रेष्ठ)

सहसचिव एवम् प्रवक्ता)

निर्वाचन आयोग नेपाल २०२३


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७